# एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड

नवौं वार्षिक साधारणसभाको काम कारवाहिको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**

कम्पनी ऐन, २०६३ यस कम्पनीको नियमावली बमोजिम कम्पनीको नवौं वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री जीवनाथ लामिछानेज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमका प्रस्तावहरु पारित भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०७८ साल पौष महिना २९ गते (तदनुसार १३ जनवरी २०२२, विहिबार) ।

स्थान : आम्रपाली व्यान्क्वेट,थिरबम सडक, काठमाण्डौ ।

समय : विहान ११:०० बजे प्रारम्भ भई दिउँसो १:०० बजेसम्म ।

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम कम्पनीको नवौं वार्षिक साधारणसभाको सूचना शेयधनीहरुलाई पठाउनुको साथै २०७८ साल पौष ७ गते र पौष १२ गतेको राष्ट्रिय दैनिक पत्रिका आर्थिक अभियानमा कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु समेत उल्लेख गरी शेयरधनी महानुभावहरुको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । साथै उपस्थित शेयरधनी महानुभावहरुलाई आर्थिक वर्ष २०७७/७८ को वार्षिक लेखापरीक्षण प्रतिवेदन एवं आर्थिक वित्तिय विवरणहरु उपलब्ध गराईएको थियो ।

४. **बार्षिक साधारण सभामा छलफलको लागि प्रस्तुत गरिएका प्रस्तावहरु :**

**(क) सामान्य प्रस्तवहरु :**

१. अध्यक्षज्यूको मन्तव्य तथा नवौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आ.व. २०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्त सम्मको वासलात र आ.व. २०७७/०७८ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र सोही अवधिको आर्थिक वित्तिय विवरणसँग सम्वद्ध अनुसूचिहरु समेत उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ती  गर्ने र पारिश्रमिक निर्धारण गर्ने (कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम वर्तमान लेखापरिक्षक संस्था एस.देवकोटा एण्ड कम्पनी पुनः नियुक्तीका लागि योग्य रहेको)।

Infrastructure & Development Ltd.
Kathmandu,Nepal

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजी रु. १,१६,४९,६३,५००/-(अक्षरुपी एक अर्ब सोह्र करोड उनन्चास लाख त्रिसट्ठी हजार पाँच सय मात्र)को ०.२६ प्रतिशतका दरले रु. ३०,६५,६९५/- (अक्षरेपी तीस लाख पैँसट्ठी हजार छ सय पन्चानब्बे मात्र) बराबरको नगद लाभांश बोनस शेयर कर प्रयोजनका लागि वितरण गर्न स्विकृति दिने ।

५. दुई जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने ।

**(ख) विशेष प्रस्तावहरुः**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पुँजी रु.१,१६,४९,६३,५००/- (अक्षरेपी एक अर्ब सोह्र करोड उनन्चास लाख त्रिसट्ठी हजार पाँच सय मात्र) को ५ प्रतिशतले हुने रु.५,८२,४८,२००/-(अक्षरेपी पाँच करोड बयासी लाख अठ्चालीस हजार दुई सय) रकम बराबरको ५,८२,४८२ (अक्षरेपी पाँच लाख बयासी हजार चार सय बयासी मात्र) कित्ता बोनस शेयर वितरण गर्न स्वीकृति दिने सम्बन्धमा ।

२. कम्पनीको हालको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सो को लागि कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

(क) कम्पनीको बोनस शेयर वितरणबाट हालको जारी तथा चुक्ता पूँजीलाई वृद्धि गरीरु.१,२२,३२,११,७००/-(अक्षरेपी एक अर्ब बाईस करोड बत्तीस लाख एघार हजार सात सय मात्र)पुचाउने र सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने।

३. कम्पनीको पूँजी वृद्धि तथा प्रबन्ध-पत्र र नियमावलीमा संशोधन/थप गर्ने क्रममा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

**(ग) विविध ।**

**५. उपस्थिति**

५.१ सभामा स्वयं तथा विद्युतिय माध्यमबाट उपस्थित सञ्चालकहरु :

| | |
|---|---|
| श्री जीवनाथ लामिछाने | सञ्चालक-अध्यक्ष |
| श्री शेष घले | सञ्चालक-सदस्य |

MEN Infrastructure & Development Ltd. Kathmandu, Nepal

| | |
|---|---|
| श्री कुल आचार्य | सञ्चालक-सदस्य |
| श्री कृष्ण प्रसाद पाण्डे | सञ्चालक-सदस्य |
| श्री महेश कुमार श्रेष्ठ | सञ्चालक-सदस्य |
| श्री हिक्मत बहादुर थापा | सञ्चालक-सदस्य |
| डा.भरत बहादुर थापा | सञ्चालक-सदस्य |
| श्री अम्बिका प्रसाद पौडेल | सञ्चालक-सदस्य |
| श्रीमती संगिता के.सी. | सञ्चालक-सदस्य |
| श्री बद्रीविशाल घिमिरे | कम्पनी सचिव |

**५.२ अन्य आमन्त्रित पदाधिकारीहरुको उपस्थिति :**

१. श्रीमती उषा खतिवडा - प्रमुख कार्यकारी-अधिकृत

२. श्री कमल निरौला ‐ प्रतिनिधि कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर,काठमाडौँ

३. श्री दिपेश खतिवडा - प्रतिनिधि एस देवकोटा एण्ड कम्पनी (लेखापरीक्षक)

५.३ शेयरधनीहरुको उपस्थित

| | |
|---|---|
| १. स्वयम उपस्थित हुने शेयरधनीहरुको संख्या<br>(संस्थागत शेयरधनीहरुको प्रतिनिधि समेत) | ८,५६,७९६ |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरुको संख्या | ४९,६६,५९० |
| ३. जम्मा उपस्थिति संख्या | ५८,२३,३८६ |

**६. गणपूरक संख्या(कम्पनी ऐन,२०६३ को दफा ७३ अनुरुप) शेयरधनीहरुको उपस्थिति :**

| विवरण | निष्काशित शेयर संख्या र शेयरधनी | स्वयम उपस्थित | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | ३६,६९,६३५ | १९,३४,२३५ | १०,१२,३५८ | २९,४६,५३९ | ८०.२९ |
| शेयरधनी संख्या | ७० | १९ | १७ | ३६ | ५१.४२ |

**७. सभाको वैधानिकता र सभाको अध्यक्षता**

७.१ कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको नवौं वार्षिक साधारणसभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा स्वयम तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरुको संख्या ३६ र कुल बाँडफाँड भएको ८०.२९ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कानून अनुसार सभा वैधानिक भएको जानकारी सभालाई गराउनु भयो ।

७.२ कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने सम्बन्धमा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष श्री जीवनाथ लामिछानेज्यूको अध्यक्षतामा कम्पनीको नवौं वार्षिक साधारण सभा शुरु गर्न कम्पनी सचिवलाई अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

**८. नवौं वार्षिक प्रतिवेदनको प्रस्तुति :**

८.१ यस कम्पनीले लगानी गरेको हिमालयन पावर पार्टनर लि. ले प्रबर्द्धन गरेको जिल्ला लमजुङ्ग स्थित दोर्दी खोला जलविद्युत अयोजना (२७.० मे.वा.) को भौतिक संरचना अन्तरगतको सुरुङ्गमार्ग लगायत धेरै कार्य सम्पन्न भै सकेको साथै अव चाडै नै आयोजनाले व्यापारिक उत्पादन सुरु गर्ने सम्बन्धी भएको प्रगति विवरणका सम्बन्धमा आयोजनाका प्रमुख/ निर्देशक गुरु प्रसाद ढकालले आयोजनाले RCOD को समय सिमा भित्रै निमार्ण सम्पन्न गर्ने लक्ष्यका साथ निमार्ण कार्य अघि बढिरहेकोले आयोजना चाँडै नै सम्पन्न हुने सभालाई जानकारी गराउनु भएको थियो ।

८.२ सभाको प्रारम्भको क्रममा आ.व. २०७७/०७८ को सञ्चालक समितिको लिखित प्रतिवेदन अध्यक्षज्यूले सभा समक्ष पढेर सुनाउनुभयो ।

८.३ तत्पश्चात आ.व. २०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्त सम्मको वासलात र आ.व. २०७७/०७८ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र सोही अवधिको आर्थिक वित्तिय विवरणसँग सम्वद्ध अनुसूचिहरु समेत छलफलका निमित्त सभा समक्ष प्रस्तुत गरियो ।

Infrastructure & Development Ltd.
Kathmandu,Nepal

**९. छलफलका लागि आव्हान र सहभागी शेयरधनीहरु :**

सञ्चालक समितिको वार्षिक प्रतिवेदन, यस कम्पनीले लगानी गरेका विभिन्न आयोजनाहरु निर्माणको प्रगति प्रतिवेदन तथा कम्पनीको आ.व. २०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्त सम्मको वासलात र आ.व. २०७७/०७८ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र सोही अवधिको आर्थिक वित्तिय विवरणसँग सम्वद्ध अनुसूचिहरु समेत उपर कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भए पश्चात स्वयम सभामा उपस्थिति हुनु भएका तथा भर्चुअल माध्यम बाट समेत सहभागी हुनु भएका शेयरधनीहरु ब्रम्हदेव शाक्य र अर्जुन कुमार ढुङ्गेल समेतले छलफलका क्रममा कम्पनीको हालको गतिविधि,आर्थिक अवस्था र भावी रणनीतिका बारेमा गर्नु भएका विभिन्न प्रश्नहरु तथा जिज्ञासाहरुको सभाअध्यक्ष, तथा आयोजनाका सम्बन्धित पदाधिकारीहरुले चित्त बुझ्दो जवाफ दिनु भएको थियो ।

**१०. सभाको निर्णय :**

आजको सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको अमूल्य, राय, सुझाव, सल्लाहलाई कम्पनीले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमश: पारित गरिदिन सभाका अध्यक्ष श्री जीवनाथ लामिछानेज्यूले सभा समक्ष अनुरोध गर्नु भयो ।

(क) साधारण प्रस्ताव उपर छलफल तथा निर्णयहरु

१. **अध्यक्षज्यूको मन्तव्य तथा नवौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

अध्यक्षज्यूको मन्तव्य तथा नवौं वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको तर्फबाट आ.व. २०७७/०७८ को प्रतिवेदन अनुमोदनका लागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गरी पारित गर्ने निर्णय गर्‍यो ।

२. **आ.व. २०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्त सम्मको वासलात र आ.व. २०७७/०७८ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र सोही अवधिको आर्थिक वित्तिय विवरणसँग सम्वद्ध अनुसूचिहरु समेत उपर छलफल गरी पारित गर्ने ।**

Infrastructure & Development Ltd. Kathmandu,Nepal

लेखापरीक्षकको प्रतिवेदन सहित २०७८साल आषाढ मसान्तको वासलात, २०७७श्रावण १ गते देखि २०७८ साल आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचिहरु पारित गरियोस भनी सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु तयार गर्ने लेखापरिक्षकज्युलाई धन्यवाद ज्ञापन गर्दै सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

३. **कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारिश्रमीक निर्धारण गर्ने ।**

कम्पनीको लेखापरीक्षण समितिले आ.व. २०७८/७९ को कम्पनीको हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था S.Devkota and Company, Chartered Accountantलाई मूल्य अभिवृद्धि कर सहित रु. १००,०००/-(अक्षरेपी एक लाख मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्तिका लागि सिफारिस गरेकोमा समितिको सिफारीस बमोजिम उल्लिखित संस्थालाई आ.व. २०७८/७९ को लेखापरीक्षक नियुक्तगर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

४. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजी रु. १,१६,४९,६३,५००/- (अक्षरुपी एक अर्ब सोह्र करोड उनन्चास लाख त्रिसट्ठी हजार पाँच सय मात्र)को ०.२६ प्रतिशतका दरले रु. ३०,६५,६९५/- (अक्षरेपी तीस लाख पैंसट्ठी हजार छ सय पन्चानब्बे मात्र) बराबरको नगद लाभांश बोनस शेयर कर प्रयोजनका लागि वितरण गर्न स्विकृति दिने ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूँजी रु. १,१६,४९,६३,५००/- ( अक्षरुपी एक अर्ब सोह्र करोड उनन्चास लाख त्रिसट्ठी हजार पाँच सय मात्र)को ०.२६ प्रतिशतका दरले रु. ३०,६५,६९५/- (अक्षरेपी तीस लाख पैंसट्ठी हजार छ सय पन्चानब्बे मात्र) बराबरको नगद लाभांश बोनस शेयर कर प्रयोजनका लागि वितरण गर्नेप्रस्तावलाई सभाको सर्वसम्मतिबाट पारित गरियो ।

५. **दुई जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने ।**

प्रचलित कम्पनी ऐन, २०६३ को दफा ८६ (३) तथा कम्पनीको नियमावलीको दफा २९ को व्यवस्था बमोजिम २ (दुई) जना स्वतन्त्र सञ्चालक नियुक्ति गर्नु पर्ने व्यवस्था अन्तर्गत कम्पनीको सञ्चालक समितिको मिति २०७८/०५/१८ गतेको बैठकबाट सिफारिस भई आएको नामावलीमध्ये सम्बन्धित क्षेत्रमा प्राप्त गरेको योग्यता र कार्य

Infrastructure & Development Ltd.
Kathmandu,Nepal

अनुभवको मूल्याङ्कनका आधारमा श्री रमेश कुमार पोखरेल-१ र श्री दिलीप कुमार मुनकर्मी-१ लाई आगामी ४ (चार) वर्षको कार्यकालका लागि कम्पनीको स्वतन्त्र सञ्चालकमा नियुक्ति गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

<u>तपशिल</u>

<u>स्वतन्त्र सञ्चालक नियुक्तिको लागि सिफारिस गरिएको नामावली</u>

| क्र.सं. | नाम, थर र ठेगाना | शैक्षिक योग्यता | कार्य अनुभव |
|---|---|---|---|
| १ | श्री रमेश कुमार पोखरेल<br>स्थायी: बिराटनगर, मोरंग<br>हाल:सुकेधारा, नेपाल | M.Sc in Financial Economics-Brunel University,London | सम्बन्धित क्षेत्रमा २५ वर्षको कार्य अनुभव |
| २ | श्री दिलीप कुमार मुनकर्मी<br>स्थायी: चाँगुनारायण -७, खरिपाटी,भक्तपुर<br>हाल:चाँगुनारायण -७, खरिपाटी,भक्तपुर | MBA (Finance)-Tribhuvan University | सम्बन्धित क्षेत्रमा १५ वर्षको कार्य अनुभव |

<u>(ख) विशेष प्रस्ताव उपर छलफल तथा निर्णयहरु</u>

१. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पुंजी रु.१,१६,४९,६३,५००/- (अक्षरेपी एक अर्ब सोह्र करोड उनन्चास लाख त्रिसठ्ठी हजार पाँच सय मात्र) को ५ प्रतिशतले हुने रु.५,८२,४८,२००/-(अक्षरेपी पाँच करोड बयासी लाख अठ्चालीस हजार दुई सय) रकम बराबरको ५,८२,४८२ (अक्षरेपी पाँच लाख बयासी हजार चार सय बयासीमात्र) कित्ता बोनस शेयर वितरण गर्न स्वीकृति दिने सम्बन्धमा ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पुंजी रु.१,१६,४९,६३,५००/- (अक्षरेपी एक अर्ब सोह्र करोड उनन्चास लाख त्रिसठ्ठी हजार पाँच सय मात्र) को ५ प्रतिशतले हुने रु.५८२,४८,२००/-(अक्षरेपी पाँच करोड बयासी लाख अठ्चालीस हजार दुई सय) रकम बराबरको ५८२,४८२ ( अक्षरेपी पाँच लाख बयासी हजार चार सय बयासीमात्र) कित्ता बोनस शेयरवितरण गर्ने विशेष प्रस्तावलाई सभाको सर्वसम्मतिबाट पारित गरियो ।

२. **कम्पनीको हालको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सो को लागि कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।**

Infrastructure & Development Ltd. Kathmandu,Nepal

(क) **कम्पनीको बोनस शेयर वितरणबाट हालको जारी तथा चुक्ता पूँजीलाई वृद्धि गरी रु. १,२२,३२,११,७००/-(अक्षरेपी एक अर्ब बाईस करोड बत्तीस लाख एघार हजार सात सयमात्र)पुचाउने र सोही बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने ।**

यस कम्पनीको बोनस शेयर वितरणबाट हालको जारी तथा चुक्ता पूँजीलाई वृद्धि गर्नु पर्ने भएकाले कम्पनीको जारी तथा चुक्ता पूँजी वृद्धि गरी रु. १,२२,३२,११,७००/-(अक्षरेपीएक अर्ब बाईस करोड बत्तीस लाख एघार हजार सात सयमात्र)पुऱ्याउने र सोही अनुरुप कम्पनीको प्रबन्धपत्रमा तपसिल बमोजिम संशोध गर्ने प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

**प्रबन्ध-पत्रको दफा ६ (ख) र (ग) को सट्टा देहाय ६ (ख) र (ग) कायम गर्ने :**

**दफा ६(ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रु. १,२२,३२,११,७००/-( अक्षरेपी एक अर्ब बाईस करोडबत्तीस लाख एघार हजार सात सयमात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु १००/- दरका १,२२,३२,११७ थान साधारण शेयरमा विभाजन गरीएको छ ।**

**दफा ६(ग) कम्पनीको चुक्ता पूँजी रु. १,२२,३२,११,७००/-(अक्षरेपी एक अर्ब बाईस करोडबत्तीस लाख एघार हजार सात सयमात्र) हुनेछ ।**

३. **कम्पनीको पूँजी वृद्धि तथा प्रबन्ध-पत्र र नियमावलीमा संशोधन/थप गर्ने क्रममा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक फेरबदल गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

यस कम्पनीको उद्देश्य थप, पूँजी वृद्धि, प्रबन्धपत्र/नियमावली संशोधन, बोनस शेयर जारी गर्ने लगायतका कार्य गर्नका लागि कम्पनीको तर्फबाट गर्नु पर्ने वा नियमनकारी निकायहरुबाट कुनै संशोधन वा परिमार्जन फेर वदल वा राय सुझाव निर्देशन आदी भएमा सो अनुरुप गर्न गराउनकम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

११. **कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम छलफल र निर्णय :**

कम्पनी ऐन २०६३ को दफा ७४ मा उल्लेख भए बमोजिम यस कम्पनीको हनवौं वार्षिक साधारणसभाको अध्यक्षता कम्पनीका सञ्चालक/अध्यक्ष श्री

Infrastructure & Development Ltd. Kathmandu,Nepal

जीवनाथ लामिछानेज्यूले गर्नु भएको र साधारणसभामा छलफल गरिने भनि सुचना गरिएको सबै  प्रस्तावहरु सभा समक्ष पेश गर्नू भएको र उक्त सर्म्पूण प्रस्तावहरु सभाले सर्वसम्मतिबाट पारित गरेको सभाका अध्यक्षज्यूले घोषणा गर्नुभयो ।

**विविध**

**धन्यवाद ज्ञापन सभा विसर्जन :**

सभा-अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारणसभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनी महानुभावहरु, सञ्चालक समितिका सहकर्मी सदस्यहरु, व्यवस्थापन तथा कर्मचारीहरु, आमन्त्रित व्यक्तिहरु, नेपाल सरकारका नियमनकारी निकायहरु लगायत कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो र नवनियुक्त स्वतन्त्र सञ्चालकलाई हार्दिक बधाई दिनुका साथै बहाँहरुको सफल कार्यकालको शुभकामना व्यक्त गर्दै शेयरधनीहरुले सञ्चालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै नवौं वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नु भयो ।

Infrastructure & Development Ltd.
Kathmandu,Nepal

| | |
|---|---|
| ............................ | ............................... |
| बद्रीविशाल घिमिरे | जीवनाथ लामिछाने |
| कम्पनी सचिव | सञ्चालक-अध्यक्ष |